२०८३ असार १० गते बुधबार

# १९ औं नगर सभाका निर्णयहरू :

**निर्णय नं. १ :**

नगरसभाका सभाध्यक्षले नगरसभामा पेश गर्नु भएको नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम नगरसभा सदस्यहरुले दिनुभएको राय सल्लाह तथा सुझावलाई समावेश गर्ने गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसूची १ मा समावेश गरिएको छ ।

**निर्णय नं. २**

पुतलीबजार नगरपालिकाका विधायन समितिका संयोजकले नगरसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को आर्थिक ऐन, २०८३ र विनियोजन ऐन, २०८३ लाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नगरसभाबाट स्वीकृत आर्थिक ऐन अनुसूची २ र विनियोजन ऐन अनुसूची ३ मा समावेश गरिएको छ ।

**निर्णय नं. ३**

पुतलीबजार नगरपालिकाका नगर उपप्रमुखले नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आय व्ययको अनुमान (बजेट) तथा कार्यक्रम नगरसभा सदस्यहरुले दिनु भएको राय सल्लाह तथा सुझावलाई समावेश गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नगरसभाबाट स्वीकृत आय व्ययको अनुमान र कार्यक्रमको विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

**निर्णय नं. ४ :**

पुतलीबजार नगरपालिकाको १८ औं नगर सभाबाट स्वीकृत नगरपालिकाको खर्चको मापदण्ड, २०८२ पुनरावलोकन एवं संशोधन सहित खर्चको मापदण्ड, २०८३ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नगरसभाबाट स्वीकृत खर्चको मापदण्ड अनुसूची ५ मा समावेश गरिएको छ।

**निर्णय नं. ५:**

नगर कार्यपालिका र अन्तर्गतका कार्यालयहरूमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि कार्यसम्पादन मूल्याङ्कनका आधारमा आगामी साउन १ गतेदेखि लागू हुने गरी म्याद थप गर्न सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं. ६:**

आर्थिक वर्ष २०८२/०८३ मा नगर प्रमुख, नगर शिक्षा समिति, कार्यपालिकाको बैठक,नगरसभाबाट गठित विषयगत समितिहरु,पालिकास्तरीय अनुगमन समिति तथा न्यायिक

..............................
तुलसीराम रेग्मी
नगर प्रमुख
तुलसी राम रेग्मी

समिति तथा प्रमुख प्रशासकीय अधिकृतबाट भएका विभिन्न निर्णयहरु र योजना लगायत नगरपालिकाका सम्पूर्ण शाखाहरुबाट पेश भई भुक्तानी भएका सम्पूर्ण विषयहरु सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :**

प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठन भएको समितिले तयार गरी नगरसभा पेश गरिएको नगरपालिका र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन, २०८३ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।नगरसभाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन अनुसूची ६ मा समावेश गरिएको छ ।

**निर्णय नं.८ :**

आर्थिक वर्ष ०८२/८३ को कार्यपालिकाको विभिन्न मितिको निर्णयानुसार देहाय बमोजिमका बहुवर्षीय आयोजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स | आयोजनाको नाम | यस आ.व का लागि विनियोजित बजेट | | आगामी आ.वहरुमा विनियोजित गर्नुपर्ने बजेट | |
|---|---|---|---|---|---|
| | | रकम | श्रोत | रकम | श्रोत |
| १ | मालेबगर कभर्डहल, खेलमैदान, फोहोर मैला केन्द्र बधशाला संरक्षणका लागि नहर व्यवस्थापन | ६७००००० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | ९६५९४००.८१ | नगरपालिका |
| २ | आमडाँडा, वडा नं. १४ को वडा कार्यालय हुँदै सतौं मैदान सडक | ९०००००० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( समपुरक अनुदान ) | ६,१३,२०,६७६.९३ | नगरपालिका |
| ३ | ड्राइभरटोल, बैदी आमडाँडा वडा नं १४ को वडा कार्यालय हुँदै सतौ मैदान सडक | १३५००००० | नगरपालिका | | |
| ४ | सातुपसल स्वास्थ्य चौकी भवन निर्माण | ३९००००० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( शसर्त अनुदान ) | १४८८३५४.४१ | नगरपालिका |
| ५ | बहाकोट स्वास्थ्य चौकी भवन निर्माण | २०००००० | नगरपालिका | ३१,१६,११५.४ | नगरपालिका |
| ६ | ठुलाखेत रोकाहा कुल मन्दिर हुँदै नुहारभन्ज्याङ्ग मोटरबाटो स्तरोन्नति | १४१८००० | | ३५८२००० | नगरपालिका |
| ७ | रयाले गहते चण्डिस्थान मोटरबाटो स्तरोन्नती | १४००००० | | ३६००००० | नगरपालिका |
| ८ | लत्रेपिपल कुनाखेत हमालडाडाँ मोटरबाटो स्तरोन्नती | १४००००० | | ३६००००० | नगरपालिका |

.............................

तुलसीराम रेग्मी

नगर प्रमुख

निर्णय नं. ९ :

पुतलीबजार नगरपालिका र अल्ट्रा इन्फोसिसबीच मिति २०८३-०२-०६ मा भएको सम्झौता अनुसार मिति २०८३-०३-१५ गते सम्ममा ३ वटा उपकरण आपूर्ति गर्नुपर्नेमा २ वटा उपकरण मात्र आपूर्ति भएको तथा Electric Butcher Saw को Specification बमोजिम 1200 Wattको सट्टा 900 Wattको आपूर्ति भएकोमा तत्काल प्रतिस्थापन गरी सम्झौताअनुसारको उपकरण उपलब्ध गराएको। साथै Captive Bolt Stunning Gun आन्तरिक बजारमा उपलब्ध नभएको तथा कानुनी जटिलताका कारण आयात गर्न असमर्थ रहेको भनी पत्रमार्फत जानकारी गराएको हुँदा उक्त उपकरण आपूर्तिका लागि सम्झौताको म्याद थपका लागि आपूर्तिकर्ताले समय थप गरि पाँऊ भनि निवेदन दिएकोले उक्त सम्झौताको म्याद २०८३ असोज मसान्तसम्म थप गर्ने र हालसम्म आपूर्ति भई स्वीकृत भएका सामानको जम्मा मूल्य रकम रु १४,०६,८५०।- भएको र उक्त बिल बमोजिमको रकमबाट आपूर्ति नगरेको उपकरण Captive Bolt Stunning Gun को लागत अनुमान बमोजिमको रकम रु. १,४०,०००।- निजले कम्पनीले पेश गरेको रकमबाट कट्टा गरी बाँकी हुन आउने रकम रु.१२,६६,८५०।- मात्र भुक्तानी दिने र थप गरिएको म्याद भित्र सामान आपूर्ति गरेमा कट्टा गरिएको रकम, आपूर्ति गरेको सामानको मूल्य र धरौटी रकम नियमानुसार फिर्ता गर्ने र सो अनुसार नगरेमा निजले राखेको धरौटी/बैंक जमानत जफत गर्ने निर्णय गरियो।

निर्णय नं. १० :

पुतलीबजार नगरपालिका र मुक्तिनाथ लाइभस्टक बैंक, काठमाडौंबीच मिति २०८२-०७-२५मा भएको सम्झौता अनुसार मिति २०८३-०८-१५ सम्ममा ११३ पाठी र १४ बोका आपूर्ति गर्नुपर्नेमा सम्झौतामा तोकिएको समयभित्र आपूर्ति नगरेको हुदाँ १५ दिनको म्याद थप गर्दा पनि ७८ पाठी र १४ बोका मात्र आपूर्ति गरेको तर मिति २०८३-०२-१९गते भुक्तानी माग गरी बिल पेश गरेकोले सार्वजनिक खरिद नियमावली अनुसार सम्झौता रकमको ०.०५ प्रतिशत क्षतिपूर्ति (Liquidated Damages) कट्टा गरी, धरौटी जफत गर्ने निजले सम्झौता अनुसार उपलब्ध नगराएको ३५ वटा पाठीको मूल्य बराबरको रकम रु. ३,८८,८८५ मध्ये नगरपालिकाले व्यहोर्ने रकम रु १,९४,४४३ निजले प्राप्त गर्ने रकम बाट कट्टा गरी आपूर्ति भएका ७८ पाठी र १४ बोकाको ढुवानी खर्च समावेश गरी सम्झौता अनुसार रकम मात्र भुक्तानी गर्न सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

आर्थिक वर्ष ०८२/०८३ मा न्यायिक समितिबाट तयार गरी नगरसभामा पेश भएको न्यायिक समितिको प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । नगरसभाबाट स्वीकृत न्यायिक समितिको प्रतिवेदन अनुसूची ७ मा समावेश गरिएको छ ।

..................................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८३ असार १० गते बुधबार

**निर्णय नं. १२**

पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को अन्तिम लेखा परीक्षणको प्रतिवेदनका सम्बन्धमा लेखा समितिले तयार गरी नगरसभामा **सम्परीक्षण** गर्ने गरी पेश भएको तपसिल बमोजिमको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो साथै अनियमित देखिएको बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

<table>
<tr><th>प्रतिवेदनको दफा नं.</th><th>बेरुजूको व्यहोरा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>२७.</td><td>निर्देशिका बेगरको कार्यक्रमः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रहि नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित कार्यक्रमहरु निर्देशिका बेगर सञ्चालन गरेको पाईएको छ । यसरी स्पष्ट मापदण्ड बेगर भएको कार्यक्रम खर्चलाई नियमसम्मत मान्न सकिएन । यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम</td><td>११९३०००</td></tr>
<tr><td>२</td><td>महिला सशक्तीकरण कार्यक्रम</td><td>१८८७५०</td></tr>
<tr><td>३</td><td>मेयर कप खेलकुद प्रतियोगिता</td><td>७६९०२३</td></tr>
<tr><td>४</td><td>लागुपदार्थ तथा दुव्यसनी न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम</td><td>९६०००</td></tr>
<tr><td>५</td><td>उपमेयरसँग महिला कार्यक्रम</td><td>४००७१०</td></tr>
<tr><td>६</td><td>जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा सहभागी व्यवस्थापन</td><td>१५००००</td></tr>
<tr><td>७.</td><td>मेयरसँग खेलकुद प्रवर्दन तथा सामाग्री अनुदान</td><td>२४३३६४</td></tr>
<tr><td>८</td><td>राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता</td><td>१०००००</td></tr>
<tr><td>९</td><td>राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता</td><td>५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६४०८४७</td></tr>
</table>
</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन निर्माण तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा नगरपालिकामा विभिन्न कार्यक्रमहरु सम्वन्धित कानून नबनाई संचालन गरेको पाइएकोले अनियमित बेरुजू भनी मलेप प्रतिवेदनमा औंल्याईएकोमा चालु आर्थिक वर्ष २०८२/८३ मा उल्लेखित कार्यक्रम संचालनका लागि नगरपालिकाले खर्चको मापदण्ड स्वीकृत गरिसकेको हुँदा मलेप प्रतिवेदनमा अनियमित बेरुजू औंल्याईएको रकम रु.३६,४०,८४७।- नियमितका लागि नगरसभामा पेश गर्ने लेखा समितिको निर्णयलाई अनुमोदन गर्ने तथा अनियमित देखिएको बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३६.</td><td>विद्युत महशुल भुक्तानीः सार्वजानिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८ को दफा १५ बमोजिम पानी तथा बिजुली टेलिफोनको महशुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने व्यवस्था</td><td>कार्यालयको अनिवार्य दायित्व अन्तर्गत पर्ने विद्युत महशुल भुक्तानीमा तिर्नुपरेको जरिवाना वापतको रकम रु.२६,९७७।- लाई नियमित गर्नका लागि नगरसभामा पेश गर्ने तथा आगामि दिनमा समयमै</td></tr>
</table>

...................................

तुलसीराम रेग्मी

नगर प्रमुख

तुलसी राम रेग्मी

| | | |
|---|---|---|
| | मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले नेपाल विद्युत प्राधिकरणलाई विभिन्न समयको विद्युत महशुल भुक्तानी गर्दा जरिवाना तिरेको पाइएको छ । पालिकालाई बढि दायित्व श्रृजना भएकोले थप व्ययभार भएको यस किसिमको खर्चलाई नियमसम्मत मान्न सकिएन ।<br>अनियमित औंल्याइएको रकम रु.२६,९७७।- | शुल्क भुक्तानी हुने व्यवस्था मिलाउन निर्देशन दिने लेखा समितिको निर्णयलाई अनुमोदन गर्ने तथा अनियमित देखिएको बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो । |
| ४२. | घाँसको विउको लागत मुल्य अनुमानः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्वन्धित मालसामानको स्फेशिफिकेशनको अधिनमा रहि तयार गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने उपनियम (२) मा उपनियम(१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने विभिन्न आधारहरु बारेमा व्यवस्था गरिएको छ । पालिकाले नँया गाई/भैंसी पकेट विकास कार्यक्रमको लागि सुपर नेपियर घाँसको बिउ खरिद गर्दा नेपाल कृषि अनुसन्धान परिषद, राष्ट्रिय बाख्रा अनुसन्धान कार्यक्रम,बन्दिपुरको मिति २०८०/०४/०२ को बैठक निर्णयलाई आधार मानी सुपर नेपियर घाँसको प्रतिसेट रु. ३.० लागत अनुमान तयार पारिएकोमा जगत्रदेवी विरुवा उत्पादन तथा बिक्री केन्द्रसँग रु. १०.० प्रतिसेटमा २४७० सेट खरिद गरिएको पाइयो जसले गर्दा लागत अनुमानभन्दा रु. १७२९०.० बढि भुक्तानी भएको पाइयो । लागत अनुमान भन्दा बढि भुक्तानी भएकोलाई नियमित भएको मान्न सकिएन ।अनियमित औंल्याइएको रकम रु.१७,२९०।- | पालिकाले कोटेशन मार्फत सुपर नेपियर घाँसको बिउ खरिद गरेकोमा उक्त खरिदमा लागत मुल्य अनुमान बढी राखी खरिद गरेको भनी अन्तिम लेखापरिक्षण प्रतिवेदनमा नियमित मान्न नसकिएको भनी औंल्याईएको बेरुजू रकम रु.१७,२९०।—लाई नियमित गर्न नगरसभामा पेश गर्ने तथा आगामी आर्थिक वर्षहरुमा जिल्ला दररेटको अधीनमा रही लागत अनुमान तयार गरी खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने लेखा समितिको निर्णयलाई अनुमोदन गर्ने तथा अनियमित देखिएको बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो । |

## निर्णय नं. १३

मालेबगरमा सञ्चालनमा रहेको वधस्थलको मासिक भाडा रु ३० हजार लिने गरी आगामी साउन १ गतेदेखि लागू हुने गरी २ वर्षसम्मको लागि सम्झौताको म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात् नगरसभाले तोकेका शर्तहरुका आधारमा हुने गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## निर्णय नं. १४

राजश्व परामर्श समितिको सिफारिश तथा नगर विकास समितिको निर्णय समेतका आधारमा विगत वर्षहरुदेखि सम्झौता गरी भाडामा लगाइएका नगर विकास समितिको स्वामित्वमा रहेका घर, सटर र सिटिहल, कामिडाँडा खालि जग्गा, कुमाल गाँउमा रहेको अस्पतालको सटर लगायत भाडामा लगाइएका सम्पत्तिहरुको मासिक भाडामा १० प्रतिशतका दरले वृद्धि गरी आगामी साउन १ गते देखि २ वर्षको लागि सम्झौता म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात् नगर सभाले तोकेका शर्तहरुका आधारमा हुने गरी सर्वसम्मति पारित गर्ने निर्णय गरियो।

## निर्णय नं. १५

राजश्व परामर्श समितिको सिफारिश तथा नगर विकास समितिको निर्णय समेतका आधारमा चालु आर्थिक वर्ष देखि सम्झौता गरी भाडामा लगाइएको मालेबगरमा रहेको कभर्डहलको बार्षिक

..........................
तुलसीराम रेग्मी
नगर प्रमुख
तुलसी राम रेग्मी

भाडा रु १ लाख १० हजार कायम गरी आगामी साउन १ गते देखि २ वर्षको सम्झौता म्याद थप गर्ने र सम्झौताको म्याद समाप्त भए पश्चात् नगर सभाले तोकेका शर्तहरुका आधारमा हुने गरी सम्झौता गर्ने गरी सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरसभाबाट गठित सुशासन समितिका संयोजकले नगरसभामा पेश गर्नु भएको सुशासन समितिको प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १७ :

यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार सडक बत्ती सामग्री खरिद कार्य (NCB No.: 12/PM/NCB/GOODS/082/83) को लागि एन.बि.सि. प्रज्ञा मल्टिप्रपोज कम्पनी प्रा.लि, तुलसीपुरसँग मिति २०८२/०७/११ गते सम्झौता भई मिति २०८२/०७/३० सम्म सम्पन्न गर्नुपर्ने म्याद रहेकोमा ,पटक-पटक म्याद थप गरी निज आपूतिकर्तासँग स्पष्टीकरण सोध्दा निज आपूर्तिकर्ताले मिति २०८२/११/२८सम्ममा सामाग्री सहित कार्यालयमा उपस्थित हुने प्रतिबद्धता पेश गरेकोमा हालसम्म पनि तोकिए बमोजिमको सडक बत्ती सामग्री उपलब्ध नगराएको हुँदा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) , दफा ६३ को उपदफा १(ग) को आधारमा एन.बि.सि. प्रज्ञा मल्टिप्रपोज कम्पनी प्रा.लि सँगको सम्झौता अन्त्य (ठेक्का रद्द) गरी,बैंक जमानत जफत गर्ने र निज फर्मलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) मा सिफारिस गर्न सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ :

नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखा र यस पुतलीबजार नगरपालिका, स्याङ्जाबीच"बेलघारी अठासी गुरुत्व प्रवाह खानेपानी तथा सरसफाइ परियोजना"कार्यान्वयन गर्ने सन्दर्भमा सम्झौताको बुँदा नं. ५ बमोजिम कार्य सम्पन्न पश्चात भुक्तानी दिने भनिएकोमा,तहाँ संस्थाबाट पेश भएका प्राविधिक मूल्यांकन तथा सक्कल बिल भरपाई लगायतका सम्पूर्ण कागजातहरू चेकजाँच गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) बमोजिम रु. २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा सेवा खरिद गर्दा खुला बोलपत्र मार्फत गरिनुपर्नेमा त्यसको विपरीत रु. ४६,३८,०५४.५६ बराबरको सामान सोझै खरिद गरिएको र त्यसरी खरिद गरिएका सामानहरू समेत जिल्ला दररेट भन्दा अत्यधिक उच्च मूल्यमा खरिद गरिएको पाइएको र यस नगरपालिकाको प्राविधिक टोलीबाट गरिएको स्थलगत अनुगमनका क्रममा संस्थाले पेश गरेको मूल्यांकन अनुसार फिल्डमा वास्तविक कार्य नभएको पाइएको तथासोही नियमावलीको नियम ९७ को उपनियम१ बमोजिम एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भएकोमा सो नियम विपरीत रु. १,१०,५९,३७५.२३ लागत अनुमान

तुलसीराम रेग्मी
नगर प्रमुख
तुलसी राम रेग्मी
नगर प्रमुख

भएको आयोजना उपभोक्ता समितिबाट गरेको पाईएको हुँदा नगर प्रमुखस्तरीय निर्णयबाट रद्द गरिएको सम्झौताको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

संघ, प्रदेश र स्थानीय सरकारबाट गाँउपालिका तथा नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरुको आचार संहिता कार्यान्वयनमा ल्याएको र सरकारको १०० बुँदे कार्यक्रममा समेत निजामती सेबामा कार्यरत कर्मचारीहरुको आचार संहिता तयार गरी लागु गर्ने व्यवस्था गरेकाले यस नगरपालिका र अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई लागू हुने गरी प्रस्ताव गरिएको पुतलीबजार नगरपालिकाका कर्मचारी आचार संहिता, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :**

यस नगरपालिकाले नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) मा पेश गरेको SOCIAL IMPACT ASSESSMENT मा उल्लेख भए बमोजिम शिक्षाचोक बहाकोट काल्खु सडकखण्डको विस्तारका क्रममा वडा नंम्बर ३ र ८ मा सडक विस्तारका क्रममा स्थानीयबासीको निजी स्वामित्वमा रहेको जग्गाको १०% भन्दा बढी कटान भएको भएको देखिएकोले उक्त जग्गाको सडक स्तरोन्नति गर्दा सुरु गरेको आर्थिक वर्षमा मालपोत कार्यालय स्याङ्जाले तोकेको जग्गाको मूल्याङ्कनका आधारमा प्रक्रिया पूरा गरी मुआब्जा वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं. २१ :**

पुतलीबजार नगरपालिका र मुक्तीनाथ सिड बैङ्क लि. बीच मिति २०८३/०१/०८गतेभएको सम्झौता अनुसार १४००५ के.जी. राम धान र २१४४ के. जी. सावित्री धानको गुणस्तरीय बीउ नगरपालिकालाई उपलब्ध गराउने भनिएकोमा विभिन्न वडाका कृषकहरुलाई वितरण गरिएको १७ बोरा धान अर्थात ५९५ के.जी. धानको बीउमा खराबी देखिएको र बीउ प्रयोजनका लागि प्रयोग गर्न नसकिएको हुँदा सो बापतको रकम रु.३८,५५६/- (अठ्तिस हजार पाँच सय छपन्न रुपैंया) कट्टा गर्ने र धानको उत्पादनमा कमी देखिएको खण्डमा धरौटी बापतको रकम जफत गर्ने गरी बाँकी रकम रु.१०,०७,८९९.२/-(दस लाख सात हजार आठ सय उनान्सय रुपैंया दुई पैसा) भुक्तानी गर्न स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

आर्थिक वर्ष २०८३/०८४ को नगर सभामा पेश भएको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक योजना तथा कार्यक्रममा नगरसभा सदस्यहरुले दिनुभएको सुझावलाई समावेश गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

तुलसीराम रेग्मी
नगर प्रमुख
तुलसी राम रेग्मी

२०८३ असार १० गते बुधबार

**निर्णय नं. २३:**

यस नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत नगरपालिका भन्दा बाहिरका प्राविधिक कर्मचारीलाई मासिक घर भाडा बापत घरधनी संगको सम्झौताका आधारमा अधिकतम रु ४००० मासिक रुपमा घरभाडा र संचार सुविधा बापत रु ५०० प्रति महिना उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

यस पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक योजनाहरु मध्य तपशिलका योजनाहरु वर्षातका कारणले समयमा सम्पन्न हुन नसकेका हुँदा उक्त योजनाहरुको तपशिल बमोजिमको म्याद थप गर्ने गर्ने र उल्लेखित आयोजना सम्पन्न गर्नका लागि आवश्यक पर्ने बजेट आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने निर्णय गरियो।

तपशिलः

| सि.नं | आयोजनाको नाम | ठेक्का नं | सम्झौता रकम | खर्च भएको रकम | अर्को आ ब मा बिनियोजन गर्नुपर्ने | म्याद भएको मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | Pawaikhola dekhi Sitaladevi Mandir Jane bato | 31/PM/NCB/WORKS/082/83 | २१२८८८१.५९ | १५३०७२२.३ | ५९८१५९.३३ | २०८३/०२/३१ | २०८३/०६/३१ |
| २ | Hudikhola Causeway Nirman | 33/PM/NCB/WORKS/082/83 | २१४०३४३.४४ | १८९७९३९.०२ | २४२४०४.४२ | २०८३/०३/१५ | २०८३/०६/३१ |
| ३ | Putalibazar Nagarpalika Bhitraka Sadakharu Nirman tatha Staronnati Karya (Package 3) | 05/PM/NCB/WORKS/082/83 | ५८११२५७.६७ | ४६३२७१०.४ | ११७८५४७.२७ | २०८३/०२/१५ | २०८३/०६/३१ |
| ४ | Hudikhola Masarka Sadak Staronnati | 34/PM/NCB/WORKS/082/83 | १,२३,५९,७३४.५२ | ० | १,२३,५९,७३४.५२ | २०८३/०३/१५ | २०८४/०१/३१ |

**निर्णय नं २५:**

नगर सभामा पेश भएका कार्यपालिकाका विभिन्न समितिहरूको अनुमोदनको लागि पेश गरिएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:**

तपसिल बमोजिमका आयोजनाहरुलाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

| क.स | वडा नं | आयोजनाको नाम | लागत अनुमान | वजेट विनियोजन |
|---|---|---|---|---|
| १ | ६ | ढाडखेल्ने देखि काउले ४.६ मोटरबाटो निर्माण | १ करोड | ५० लाख |
| २ | ९ | नाम्चेदेखि तल्लो काल्खुसम्म जाने मोटरबाटो बाँकी खण्ड | १ करोड | ५० लाख |
| ३ | १३ | नुवार भञ्याङ बैलुम बोडिखोला मोटरबाटो स्तरोन्नतिका | १ करोड | ५० लाख |

..............................

तुलसीराम रेग्मी

नगर प्रमुख

तुलसी राम रेग्मी